म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक १९३ बिहीबार ११ फागुन २०७९ ने. सं. ११४३ सिल्लागा 23 February 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मोटरसाइकल किन्दा दोङले जिते एक लाख रुपैयाँ

हेटौंडा, १० फागुन/ मकवानपुरका बुद्धिबहादुर दोङले मोटरसाइकल किन्दा एक लाख रुपैयाँ जितेका छन् ।

बजाजले ल्याएको आठ हजार पक्का र एक लाख जित्ने मौका अफरअन्तर्गत् मोटरसाइकल किन्दा उनले एक लाख रुपैयाँ जितेका हुन् । दोङले एक लाख रुपैयाँ हात पारेका छन् । बजाजले अफर सुरु गरेको पहिलो हप्तामै होराइजन अटो प्रा.लि. बाट खरिद गरेका दोङले एक लाख रुपैयाँ हात पारेका छन् । उनलाई बजाज गोल्छा ग्रुपबाट श्रीधर भण्डारी, होराइजनका सञ्चालकद्वय राजुरत्न बज्राचार्य र लालकाजीरत्न बज्राचार्यले बुधबार एक लाख रुपैयाँको चेक हस्तान्तरण गरे ।

# मनाङले जित्यो मकवानपुर गोल्डकपको उपाधि

साझाकुरा संवाददाता

हेटौंडा, १० फागुन/ हेटौंडामा जारी पाँचौ संस्करणको स्थानीय तह सहिद स्मृति मकवानपुर गोल्डकपको उपाधि ए डिभिजन क्लब मनाङ मर्स्याङ्दीले जितेको छ ।

मनाङले हेटौंडा उपमहानगरपालिका-५, स्थित पिप्ले क्याम्पा रंगशालामा बुधबार भएको फाइनल खेलमा हिमालयन शेर्पा क्लबलाई १-० गोलले निरीह बनायो । मनाङको जीतमा रोशन रानामगर नायक बने । उनले खेलको ७८ औं मिनेटमा मनाङलाई अग्रता दिलाए । उज्वेकिस्तानका विंगर सेडजामोल डेबुलेशनको कर्नर प्रहार हिमालयनका डिफेन्डरले क्लियर गर्ने क्रममा रिबाण्ड भएर आलेको खुट्टामा पुगेको बललाई उनले फष्ट बार नजिकैबाट जाली चुमाए ।

मनाङले उपाधिसँगै १५ लाख रुपैयाँ पाएको छ । उपबिजेता हिमालयन शेर्पाले १० लाख प्राप्त गरेको छ । प्रतियोगितामा राष्ट्रिय टिमका सदस्यसमेत रहेका मनाङका कप्तान गोलरक्षक दीप कार्की सर्वोत्कृष्ट खेलाडी घोषित भएका छन् । उनले हेटौंडा स्कुल अफ म्यानेजमेन्टले प्रायोजन गरेको रोयल इन्फिल्ड बुलेट मोटरसाइकल पाए । उत्कृष्ट गोलरक्षक उनै कार्की हुँदा उत्कृष्ट फरवार्ड शेर्पाका योउमी, मिडफिल्डर मनाङका कमल थापा, डिफेन्डर हिमालयन शेर्पाका अमृत श्रेष्ठ र प्रशिक्षक मनाङका किरन श्रेष्ठ चुनिए । उनीहरुले जनही २५-२५ हजार हात पारे । फाइनल खेलको म्यान अफ दी म्याच चुनिँदै गोल कर्ता मगरले १० हजार पाए ।

मनाङ र हिमालयन शेर्पाले पहिलो हाफ बराबरी खेलेका थिए । प्रतिस्पर्धात्मक खेलमा दुवै टिमले गोल गर्ने अवसरलाई सदुपयोग गर्न सकेनन् । खेलको ९ औं मिनेटमा हिमालयनका फरवार्ड योउमीले डिबक्सभित्र वान भर्सेज वानको अवस्थामा प्रहार गरेको बल मनाङका गोलरक्षक दीप कार्कीको खुट्टामा लागेर बाहिरिएको थियो । खेलको ४४ औं मिनेटमा मनाङका भिषण गुरुङले करिब १६ यार्डबाट प्रहार गरेको शक्तिशाली प्रहार क्रस बारमा लागेर फर्किएको थियो ।

मकवानपुर गोल्डकपको पाँचौ संस्करसम्म आइपुग्दा फाइनल पुगेको पहिलोपटक मनाङले उपाधि उचालेको छ । २०६४ सालमा दोस्रो जनआन्दोलन सहिद स्मृति गोल्डकपका रुपमा आयोजित प्रतियोगिता थ्रीस्टारले जितेको थियो । प्रतियोगिताको दोस्रो संस्करण २०७५ सालमा आयोजक मकवानपुर विजयी बन्दा त्यसपछिका दुई गोल्डकप संस्करण विभागी टोली त्रिभुवन आर्मीले जितेको थियो । हिमालय शेर्पा पनि मकवानपुर गोल्डकपको फाइनलमा पहिलोपटक पुगेको थियो ।

डिफेन्डिङ च्याम्पियन आर्मी क्वाटरफाइनलबाटै बाहिरिएसँगै मकवानपुर गोल्डकपले मनाङलाई नयाँ बिजेता पाएको हो । मनाङसँग बार्सिलोनाका पूर्वडिफेन्डर सन् २०१४-०१५ मा बार्सिलोनाको सिनियर टोलीबाट खेलेका सेनेगलका दिवान्दु डियाग्ने नियाङ उज्वेकिस्तानका खेलाडी सिडजामोल डेबुलेशन जस्ता अनुभवी खेलाडी थिए । हिमालयनसँग पनि माउसालगायतका नेपालमा यसअघि विभिन्न प्रतियोगिता खेलिसकेका दुई अफ्रिकन खेलाडी थिए । तर, हिमालयनले फाइनलमा डिफेन्डर माउसालाई खेलाएको थिएन । माउसावको स्थानमा दिवास उराउले डिफेन्स




लाइन सम्हालेका थिए । कप्तान विश्वास श्रेष्ठ पनि खेलको बीचमै मैदान बाहिरिएका थिए ।

मनाङले सेमिफाइनल खेलमा एपीएफ क्लब र हिमालयनले क्यामरुनी टोली एभिनियर एफसीलाई पाखा लगाउँदै उपाधि नजिक पुगेका थिए । नेपाली फुटबलमा मनाङ र हिमालयन शेर्पाको प्रतिस्पर्धा भने रोमाञ्चक छ । मनाङ र हिमालयन शेर्पा करिब १ वर्षपछि भेट्दै छन् । विगतका प्रतिस्पर्धालाई हेर्दा हिमालयन शेर्पाको स्थापना र उसले माथिल्लो डिभिजनमा खेल्न थालेदेखि मनाङ मर्स्याङ्दीको बलियो प्रतिद्वन्द्वी भएर अगाडि आएको छ । सहिद स्मारक लिग ए डिभिजन ०७८ मा यिनै दुई टिम भिडेका थिए । जसमा मनाङले जितेको थियो । फागुन २०७८ मै मनाङ मर्स्याङ्दी क्लब सुदूरपश्चिम खप्तड गोल्ड कपको फाइनलमा हिमालयन शेर्पालाई हराएर पुगेको थियो । हिमालयन शेर्पाले वर्ष ०६८ देखि ए डिभिजनमा खेल्न थालेको थियो ।

हालसम्म मनाङ र हिमालयनबीच ए डिभिजन लिगमा कूल ६ भेट भएकोमा मनाङले धेरै जितेको छ । यी ६ खेलमा मनाङ चारपटक विजेता रहेको छ भने एकपटक हिमालयन शेर्पाले जीत निकालेको थियो । २०६८ मा लिग खेलेपछिको पहिलो भेटमै हिमालयन शेर्पा मनाङसँग १-२ ले पराजित बनेको थियो । मनाङ वर्ष २०६९ मा १-० गोलले विजयी बन्यो । २०७५ मा मनाङ २-१ ले विजयी रह्यो । वर्ष ०७० मा भने हिमालयन शेर्पाले मनाङलाई २-१ ले हराएको थियो । २०७६ मा हिमालयनले मनाङलाई गोलरहित बराबरीमा रोकेको थियो ।

जिल्ला फुटबल संघ मकवानपुरको आयोजनामा भएको प्रतियोगिताको समापन कार्यक्रममा हेटौंडा उपमहानगरकी प्रमुख मिनाकुमारी लामाको प्रमुख आतिथ्यता थियो । संघका अध्यक्ष टीकाराम लामाको सभाध्यक्षतामा भएको कार्यक्रममा पूर्वस्वास्थ्य तथा जनसंख्या मन्त्री विरोध खतिवडा, निवर्तमान बागमती प्रदेशसभा सदस्य मुनु सिग्देल, मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेती, बागमती गाउँपालिका अध्यक्ष शर्केस घलान, अखिल नेपाल फुटबल संघ (एन्फा)का पूर्वअध्यक्ष कर्माछिरिङ शेर्पा, हेटौंडाका वडाअध्यक्षहरु सविन न्यौपाने, दीपक खड्का, सुनिल मोक्तान, सुशील घिमिरे, फुर्वा दोर्जे लामा, दामोदर गौतम, विष्णुबहादुर दाहाल, विष्णुगोपाल महर्जनलगायतको आतिथ्यता थियो ।

## कक्षा ८ को परीक्षा चैत्र ९ गतेबाट हुने

साझाकुरा संवाददाता

हेटौंडा, १० फागुन/ हेटौंडामा माध्यामिक तह कक्षा ८ को परीक्षा चैत्र ९ गतेबाट सुरु हुने भएको छ ।

स्थानीय सरकार सञ्चालन ऐनले दिएको अधिकारको प्रयोग गर्दै उपमहानगरपालिकाले चैत्र ९ गतेबाट परीक्षा सञ्चालन गर्न लागेको हो । उपमहानगरका शिक्षा विकास महाशाखाका प्रमुख गंगाधर रिमालले चैत्र ९ गतेबाट परीक्षा सञ्चालन गर्नको लागि तयारी भइरहेको जानकारी दिए ।

अहिले आन्तरीक व्यवस्थापनको कामहरु भैरहेको भन्दै तोकिएको समयमा परीक्षा सञ्चालनका लागि कामहरु चलिरहेको उनले बताए । उनका अनुसार अहिले परीक्षाको लागि प्रश्न पत्रको तयारी थालिएको छ । हेटौंडा उपहानगरक्षेत्रमा रहेको ८० बिद्यालयमा अध्यापन गर्ने ४ हजार बिद्यार्थी परीक्षामा सहभागी हुने बताइएको छ । जिल्लास्तरीय परीक्षामा मकवानपुरमा रहेका अन्य ९ वटा पालिकाले आ-आफ्नो हिसाबले परीक्षाको तयारी गर्ने छन् । स्थानीय सरकार सञ्चालन ऐनले दिएकोअधिकारको प्रयोग गर्दै २०७४ बाट कक्षा ८ को परीक्षा आन्तरीकरुपमा सञ्चालन गर्न लागिएको महाशाखाले जनाएको छ ।

## शिवशिखर सहकारीमा ताला लागेपछि बचतकर्ता आन्दोलित

साझाकुरा संवाददाता

हेटौंडा, १० फागुन/ हेटौंडा उपमहानगरपालिका-४, पारिजातपथस्थित शिवशिखर बहुद्देश्यीय सहकारी संस्था लिमिटेडका बचतकर्ता आन्दोलित बनेका छन् ।




शिवशिखर सहकारीमा ताला लगाएर सञ्चालकहरु सम्पर्क विहीन भएपछि बचतकर्ताहरुले बुधबार सहकारीद्वारा सञ्चालित डिपार्टमेन्ट स्टोरमा पनि ताला लगाएका थिए । शिवशिखरका सञ्चालकहरु सम्पर्क विहीन बनेपछि हेटौंडाका बचतकर्ताहरु तनावमा पर्नुकासाथै सरोकारवाला निकायसँग जोखिममा परेको बचत रकम संरक्षणका लागि अनुरोध गरेका छन् । सहकारीमा ताला लागेपछि करोडौं रुपैयाँ बचत जोखिममा परेको हो । सहकारीमा हेटौंडाका स्थानीयहरुले १० हजार देखि एक करोड रुपैयाँसम्म बचत गरेको पाइएको छ । शेयर सदस्य बिमल उप्रेतीका अनुसार एक बचतकर्ताले ८६ लाख रुपैयाँसम्म रकम जम्मा गरेका थिए ।

बुधबार सहकारीको कार्यालयमा चल्ती खातामा रहेको रकम झिक्न आएका बचतकर्ताहरुले ढोकामा ताल्चा लगाएको देखेपछि अन्य शेयर सदस्यहरुलाई बोलाएर आन्दोलन गरेका हुन् । हेटौंडामा पुस २०७७ मा शिवशिखर बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड भक्तपुरको शाखा खोलिएको थियो । हेटौंडामा यो सहकारीको १६ औं शाखा हो । सहकारीले करिब ३ करोड रुपैयाँको लागतमा डिपार्टमेन्ट स्टोर पनि सञ्चालन गरेको छ । मार्टबाट घरायसी, खाद्यान्न, इलेक्ट्रोनिक्स, कपडा, पेय पदार्थ लगायत वस्तु बिक्री हुने गरेको छ । सहकारीको ढोका बन्द भएपछि बचतकर्ताहरुले मार्ट घेराबन्दी गरिरहेका छन् ।

शिवशिखर सहकारीले बचत फिर्ता मागेपछि करिब एक महिना अगाडि नै ताला लगाएको थियो । बचतकर्ताहरुको दबाबपछि जिल्ला प्रहरी कार्यालय मकवानपुरमा एक महिनाभित्र बचत रकम फिर्ता गर्ने सहमति भएपछि पुन: खोलिएको थियो । रकम फिर्ता गर्ने सहमतिको म्यादसमेत गुज्रिइसकेको र हाल सञ्चालकहरु फरार रहेको अर्का बचतकर्ता सुवास चौलागाईले बताए । आफूले १०-१० हजार रुपैयाँ जम्मा गरेर डेढ लाख बचत गरिसकेको चौलागाईको भनाइ छ ।

सहकारीका अध्यक्षदेखि कर्मचारीसम्मको फोन स्वीच अफ रहेको बचतकर्ता उप्रेतीले *साझाकुरा*लाई जानकारी दिए । 'हामी यहाँ आएर फोन गरेको सबैको फोन स्वीचअफ छ । सबै भागिसके भन्ने सुन्नमा आएको छ', उनले भने- 'एउटै व्यक्तिको ८६ लाखसम्म छ । १० लाखदेखि ३० लाखसम्म बचत गर्ने त धेरै हुनुहुन्छ', उप्रेतीले सुनाए । आन्दोलित बचतकर्ताहरुले बुधबार डिमार्टमेन्ट स्टोर बन्द गरेका छन् । स्टोरको सामान पनि बिक्री गरेर सकिएपछि थोरै रकम पनि उठ्न नसक्ने भन्दै उनीहरुले बन्द गरेको बताए । बचतकर्ताहरुले सहकारीमा लगानी गरेकाहरुको नामावली तयार पारेर हेटौंडा उपमहानगर पालिका ४ नम्बर वडा कार्यालयमा बुझाएका छन् ।

**घर भाडामा**

हेटौंडाको सिँचाईटोल बुद्धमार्गमा रहेको ३५-४० जना अट्ने, २ फ्ल्याट दुई वटा तला, १२ कोटा एटेज बाथरुम, गाडी पार्किङ्ग, मिटिङ हल सहितको अफिस तथा किराना स्टोरको लागि उपयुक्त घर भाडामा रहेकोले इच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

**सम्पर्क नं. : ९८२७२५९८०६**

**सम्पूर्ण ब्राण्डका गाडी**

**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल,


सम्पर्क नं.: ०५७-५९०३३३

HETAUDA SCHOOL OF MANAGEMENT AND SOCIAL SCIENCES

"कडा अनुशासन, स्तरीय शिक्षा"

**ADMISSION OPEN**

**MBS (FIRST SEMESTER)**




Hetauda-4, Makawanpur
057524701, 057524711
admission@hsm.edu.np
9855074222

www.hsm.edu.np

साझाकुरा

## हाम्रो कुरा

# बालश्रम रोक्न सम्बन्धित निकाय सक्रिय हुनुपर्छ

मकवानपुरमा बालबालिकाको अधिकार कुण्ठित हुने गरी श्रम शोषण भइरहेकोतर्फ सरकारी निकायले चासो नदिएको गुनासो आएको छ । कानुन अन्वेषण तथा स्रोत विकास केन्द्र (सेलर्ड) ले हेटौंडामा आयोजना गरेको बाल संरक्षण र मानव बेचबिखन तथा ओसारपसारका मुद्दाहरुको सम्बन्धमा स्थानीय सञ्चारकर्मीहरु र स्थानीय सरकारबीच छलफल कार्यक्रमका सहभागीहरुले बालबालिकाको अवस्था परिवर्तनमा स्थानीय तह गम्भीर भएर नलागेको गुनासो गरे । बालबालिकाको संरक्षणको दायित्व बोकेका स्थानीय तहहरुले उनीहरुको अधिकार प्राप्तिको अवस्था र आधारभूत आवश्यकतामा कुनै चासो नदिएको बताइएको हो । बाल संरक्षण, मानव बेचविखन तथा ओसारपसारबिरुद्ध बनेका कानुनी प्रावधानहरु पूर्णरुपमा कार्यन्वयन नहुँदा अपेक्षित प्रगति हासिल हुन नसकेको सरोकारवालाहरुले बताइरहनु बिडम्बना हो । हेटौंडाका सवारी साधन मर्मत केन्द्र, होटल तथा रेष्टुरेन्टहरुमा बालबालिकामाथि श्रम शोषण भइरहेको छ । तर, यसतर्फ स्थानीय तहले सचेत भएर काम नगर्नु अझ बिडम्बना हो ।

मानव बेचविखन तथा ओसारपसारबिरुद्ध भएका विद्यमान संघीय र स्थानीय कानूनहरु र यी मुद्दाहरुमा स्थानीयस्तरमा विद्यमान चुनौतीहरुका बारेमा स्थानीय तह गम्भीर हुनुपर्छ । स्थानीय सञ्चार माध्यममा बाल संरक्षण र मानव बेचबिखन तथा ओसारपसारसँग सम्बन्धित समाचारको प्रवृत्ति, पीडित प्रभावितमैत्री मिडिया रिपोर्टिङ र विद्यमान चुनौतीहरुबारे चर्चा भइरहेको छ । स्थानीय सरकारले बालबालिकाहरुलाई बालश्रमबाट उद्दार गरेर पनि व्यवस्थापनमा चासो नदिएका कारण बालबालिकाको अवस्था सुधार हुन नसकेको गुनासो बढिरहेको छ । यसलाई न्यूनीकरण गर्नु अहिलेको चुनौती हो ।

मानव बेचबिखन तथा ओसारपसारबाट उद्दार गरिएकाहरुलाई दीगो व्यवस्थापन गर्न उनीहरुको आयआर्जन तथा सीप विकास गरी जीविकोपार्जनको आधार तय गर्न सकेमात्रै पुनर्स्थापनाको चरणमा टेवा पुग्ने भएकाले यसतर्फ ध्यान दिनु जरुरी छ । बालश्रम बालबालिकाको इच्छाभन्दा अभिभावकको करकाप तथा आर्थिक विपन्नताको कारणले हुने गरेको छ । त्यसैले यसलाई न्यूनीकरण गर्न बालश्रममा आबद्ध भएकाहरुलाई पुनर्स्थापना तथा अभिभावकहरुको आयआर्जनको सुनिश्चिततातर्फ ध्यान दिनु जरुरी छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ फागुन १२ गते शुक्रबार २४ फेब्रुअरी २०२३ । पञ्चमी फाल्गुण शुक्लपक्ष । चिल्लाथ्व ११४३ ने.सं. । सूर्योदय ६:३६, सूर्यास्त ६:००।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : पढाइमा प्रगति हुने | **तुला** | : शत्रु पराजित हुने |
| **वृष** | : विश्वासमा संकट आउने | **वृश्चिक** | : मानसम्मान बढ्ने |
| **मिथुन** | : निर्माण कार्यमा प्रगति | **धनु** | : विद्यार्थीका लागि लाभदायक |
| **कर्कट** | : सामाजिक काममा सफलता | **मकर** | : सम्मानित काम हुनेछ |
| **सिंह** | : सन्तानबाट खुशी मिल्ने | **कुम्भ** | : धार्मिक काममा रुचि बढ्नेछ |
| **कन्या** | : व्यापारमा केही हानि हुने | **मीन** | : काममा एकरुपता आउनेछ |

# भूराजनीतिको चपेटामा नेपाल



✍ निरज खतिवडा



अमेरिकाको इन्डो-प्यासिफिक रणनीतिले दक्षिण एशियामा द्विपक्षीय र बहुपक्षीय संलग्नताको बहस सुरु भएको छ । यो बहससँगै दुई ठूला एशियाली देशहरू चीन र भारत बीचको रणनीतिक स्थानमा रहेको नेपाल भूराजनीतिक चपेटामा स्वाभाविक पर्छ नै । सन् २०१७ बाटै नेपाललाई विशेष प्राथमिकतामा राख्दै आएको अमेरिकाले काठमाडौंसँग सीधा सम्पर्क बढाएको छ ।

अफगानिस्तानबाट फिर्तीले अमेरिका हिन्द-प्रशान्त (इन्डो-प्यासिफिक) क्षेत्रलाई पकडमा राख्न चाहन्छ । अष्ट्रेलियादेखि युरोप, एशिया र अफ्रिका जोड्ने गरी अमेरिकाले यो रणनीति अघि सारेको हो । यो रणनीतिले अफ्रिकाको पूर्वी तटबाट प्यासिफिक टापु राज्यहरूसम्म फैलिएको क्षेत्रलाई परिभाषित गर्दछ । चीनको बढ्दो शक्तिलाई नियन्त्रण गर्नेका लागि यो रणनीतिलाई स्थापित गर्न सक्रिय अमेरिकाले हिमाली क्षेत्रलाई पनि समेट्न चाहेको छ ।

तिब्बत पठार क्षेत्रको १४०० किलोमिटर भूभाग सीमा छुने नेपाल विशेष मानिएको छ । त्यसबाहेक पूर्वी चिनियाँ सागरहरू जसले यूरेशियाको दुवै छेउलाई जोड्ने ‘रायल रुट’ लाई जोडेको छ । यो चासोमा ताइवानप्रतिको चीनको रणनीतिले थप बढाएको छ । चिनियाँहरूले दक्षिण चीन सागरमा सैन्य संरचना सहितका टापु बनाएपछि अमेरिका यो रणनीतिबाट घेरा हाल्न चाहन्छ ।

चीनले अघि सारेको बेल्ट एण्ड रोड इनिसिएटिभ (बीआरआई)लाई ‘काउन्टर’ दिन पनि उसले इन्डो प्यासिफिक रणनीति हिमालय क्षेत्रसम्म बढाउने चाहना बोकेको हो । त्यसैले दक्षिण एशियामा अमेरिकाको ध्यान चीनसँगको प्रतिद्वन्द्वीको लेन्समा केन्द्रित छ ।

इन्डो-प्यासिफिक रणनीतिमा क्वाड्रिलेटरल सेक्युरिटी डाइलग (क्वाड)को पनि ‘इन्ट्रेष्ट’ रहेको छ । क्वाडमा अमेरिका, अष्ट्रेलिया, जापान र भारत रहेका छन् । वैकल्पिक सदस्यका रूपमा न्यूजिल्याण्ड, दक्षिण कोरिया र भियतनाम छन् । क्वाड पनि यो क्षेत्रको सुरक्षा रणनीतिमा काम गर्दैछ ।

त्यसबाहेक इन्डो-प्यासिफिक रणनीतिमा काम गर्न क्वाड बाहेक युरोपियन युनियन पनि इच्छुक छ । उसले अप्रिल २०२१ मा, इन्डो-प्यासिफिकसँगको सहयोग योजनाको रूपरेखा सहित दस्तावेज जारी गऱ्यो । २०२२ को इन्डो-प्यासिफिक रणनीति प्रतिवेदनमा युरोपियन युनियन र अष्ट्रेलिया, युनाइटेड किङडम, युनाइटेड स्टेट अफ अमेरिका एयुकेयुएस सँगसँगै अघि बढ्ने उल्लेख छ ।

सन् २०१८ को जुलाईमा युएसआईडीका परियोजना, एमसीसी र ओभरसिस प्राइभेट इन्भेष्टमेन्ट को-अपरेशन ओपीआईसीलाई इन्डो प्यासिफिक रणनीतिको छातामा ल्याएको सन् २०१९ मा जारी इन्डो प्यासिफिक प्रतिवेदनमा उल्लेख छ । अर्थात् हरेक अमेरिकी सहयोग इन्डो-प्यासिफिक रणनीतिमै पर्छ ।

भूराजनीतिको कसीमा उभिएको नेपालसँग अमेरिकाले प्राथमिकताका साथ विभिन्न सहायता कार्यक्रमको नवीकरण र ५० करोड डलर बराबरको मिलेनियम च्यालेन्ज कर्पोरेशन एमसीसी अघि साऱ्यो । नेपालले लिएको सहयोग एमसीसी यही छाता अन्तर्गत नै हुन आउँछ । तर, सन् २०२२ को प्रतिवेदनमा नेपालसम्बन्धी एमसीसीको विषय हटाइएको छ । मिलेनियम च्यालेन्ज कर्पोरेशन एक अमेरिकी विदेशी सहायता एजेन्सी हो । १३ अर्ब डलरको कोष रहेको यो परियोजना अन्तर्गत अमेरिकाले धेरै देशसँग साझेदारी गरेको छ ।

यो अन्तर्गत यातायात पूर्वाधार र विद्युत्, खानेपानी तथा सरसफाइ, शिक्षा, स्वास्थ्य, कृषि र सिंचाइमा लगानी गर्ने उद्देश्य राखिएको छ । नेपालमा भने अमेरिकाले दिएको ५० करोड डलर अनुदान दुई वटा आयोजनामा प्रयोग हुँदैछ, नेपाल-भारतसँग जोड्ने ४०० केभी विद्युत् प्रसारण लाइन र यातायात पूर्वाधार स्तरोन्नति रहेका छन् ।

नेपालमा एमसीसी कार्यान्वयनले बेइजिङलाई असहज बनाएको छ, चीनलाई घेर्ने मनसायबाट अमेरिकी इन्डो-प्यासिफिक रणनीतिको एक हिस्साका रूपमा एमसीसी लागू गरिएको उसको बुझाइ छ । एमसीसी सहितका विभिन्न अमेरिकी सहयोग थप गर्दै जाने अमेरिकी उच्च अधिकारीहरूको घोषणाले आफ्नो रणनीतिमा नेपाल फकाउने प्रयास जारी रहेको बुझिन्छ ।

अमेरिकी उच्च अधिकारीहरूको लगालगको भ्रमणले नेपाललाई कुनै न कुनै रूपमा आफ्नो रणनीतिमा समावेश गर्ने चाहना देखिन्छ । २०७८ साउन दोस्रो साता अमेरिकी सहायक विदेशमन्त्री डोनाल्ड लु, त्यसै वर्षको चैत पहिलो साता अमेरिकी उपसहायक मन्त्री केली केइडरलिङको काठमाडौं भ्रमण पनि कतै न कतै उनीहरूकै रणनीतिमा समावेश गर्न उत्प्रेरित गर्नुथियो ।

त्यस्तै २०७९ को वैशाखको दोस्रो साता अमेरिकी सिनेटर क्रिस्टन जिलिब्रान्टको नेतृत्वमा पाँच सदस्यीय टोली, २०७९ कै जेठ पहिलो साता अमेरिकी उपमन्त्री एवं विदेश संयोजक उज्रा जिया, त्यही महिनाको अन्तिम साता अमेरिकी सेनाका एशिया-प्रशान्त क्षेत्र प्रमुख चाल्स ए फ्लिनको काठमाडौं आगमन भयो ।

त्यसलाई नै निरन्तरता दिँदै ह्वाइट हाउसले अमेरिकी सहायक विदेश मन्त्री डोनाल्ड लुलाई पुन: २०७९ को साउन दोस्रो साता काठमाडौं पठायो, त्यसको अर्को महिना भदौमा एरिक स्वालवेल नेतृत्वको चार सदस्यीय संसदीय टोली पनि काठमाडौं आइपुग्यो र मंसिर ४ को आम निर्वाचनपछि दुई ठूला वाम घटक सहितका सरकार बनेपछि अमेरिकी राजनीतिक मामिला हेर्ने विदेश मन्त्रालयकी उपमन्त्री भिक्टोरिया न्युल्याण्ड र अर्की उप सहायक मन्त्री एफ्रिन अख्तर पनि नेपाल आइन् ।

न्युल्याण्ड र अख्तरको भ्रमणको बीचमा अमेरिकी मन्त्रीस्तरकी युएसआईडी प्रमुख सामान्था पावरले पनि काठमाडौंको नाडी छाम्ने प्रयास गरिन् । यी उच्च अधिकारीहरूकै एउटै मनसाय थियो नेपाललाई इन्डो-प्यासिफिक रणनीतिको कुनै न कुनै रूपमा हिस्सा बनाउने ।

आफ्ना कूटनीतिज्ञको भ्रमण मात्र होइन, अमेरिका नेपाललाई ‘कन्भिन्स’ गर्न बेलायत, युरोपियन युनियन, दक्षिण कोरियाको कूटनीतिक च्यानल पनि प्रयोग गर्न चाहन्छ भन्ने पछिल्ला भ्रमणमा राखिएका प्रस्तावले पुष्टि गर्छ ।

अमेरिकी उच्च अधिकारीको भ्रमण लगत्तै २०७९ माघ २९ गते दक्षिण कोरियाका राष्ट्रपति युन सक यलका राजनीतिक सल्लाहकार जाङ सङ मिन काठमाडौं ओर्लिए । हम्मेसी अरू मुलुकको राजनीतिमा चासो नराख्ने दक्षिण कोरियाले यसपटक नेपालको आन्तरिक राजनीतिमा चासो देखायो । भ्रमणमा आएका जाङले खुला अर्थतन्त्र, अभिव्यक्ति स्वतन्त्रताको पक्षमा बोल्ने क्रममा अमेरिकी सैन्य रणनीति जोडिएको इन्डो-प्यासिफिक रणनीतिको पक्षमा पनि उभिएका थिए । त्यही अमेरिकी गठबन्धनबाट अघि बढ्ने मात्र बताएनन्, नेपाल इन्डो-प्यासिफिक रणनीतिको प्राथमिकतामा रहेको समेत भने ।

बाक्लो कूटनीतिज्ञको नेपाल भ्रमणकै क्रममा यहीबीचमा काठमाडौं उत्रिएका बेलायती रक्षा राज्यमन्त्री एन्ड्रियु मुरिसनको चाहना पनि कतै न कतै अमेरिकी सुरक्षा छाताको वकालतमै केन्द्रित थियो । मार्चको पहिलो साता लण्डनबाट काठमाडौं आउने तयारीमा रहेकी विदेश राज्यमन्त्री आन म्यारी ट्रिभिलिअनको चाहना पनि भूराजनीतिसँगै जोडिँदैछ ।

सन् १९५१ देखि नेपाललाई आर्थिक सहायता गर्दै आएको अमेरिकाले करिब १.६ विलियन डलर सहायता गरेको छ । युएसआईडी जस्ता अमेरिकी एजेन्सीहरूले लोकतन्त्रको पुनर्स्थापना, नागरिक समाज, आर्थिक उदारीकरण, आतंकको रोकथाम र क्षेत्रमा स्थायित्व प्रदान गर्ने कार्यक्रमहरूलाई आर्थिक सहयोग गर्ने गरेका छन् ।

इन्डो-प्यासिफिक रणनीतिमा एमसीसी अनुदान बाहेक, अमेरिकाले नेपाललाई आफ्नो रक्षा रणनीतिमा समावेश गर्न चाहन्छ । यो रणनीतिको मुख्य उद्देश्य शान्ति स्थापना, रक्षा व्यावसायिकता, भूमि बल क्षमता र प्रतिआतंकवाद समावेश छ । चिनियाँ बीआरआईप्रति अमेरिका चिन्तित छ र नेपालमा चिनियाँ लगानीको पारदर्शिता र दिगोपनको न्याय गर्न नेपाललाई आग्रह गरेको छ । अमेरिकाले नेपाललाई चिनियाँ ऋणको जालमा फस्ने त्रास देखाएर चीनसँग अलग्याउन चाहन्छ ।

अमेरिकाको इन्डो-प्यासिफिक रणनीतिबारे नेपाल हालसम्म प्रष्ट छ । यस्ता खालका रणनीतिमा सहभागी नहुने बताउँदै आएको नेपाललाई क्वाडमा रहेको भारतका कारण अप्ठ्यारो पर्न सक्ने चिन्ता छ । अर्कोतिर चीनसँगको सम्बन्ध तोड्नु अर्को जोखिम हुन्छ ।

अमेरिका, भारत र चीनबीचको आ-आफ्ना स्वार्थको चेपुवामा रहेको नेपालले आगामी कूटनीतिक अभ्यास गहन बनाउन जरूरी छ । आफ्नो स्वार्थ अनुसार तीनै देशसँग सन्तुलित सम्बन्ध कायम गर्दै एक-अर्का विरुद्ध नजान प्रतिबद्ध बन्न सके नेपालका लागि हितकर बन्न सक्छ ।

*(साभार: अनलाइनखबर)*

# नायकको खोजीमा निराश समाज

✍ वसन्त महर्जन

नेपाली समाजको चित्रण जतिसुकै विस्तारमा पनि गर्न सकिन्छ । मोटामोटा ग्रन्थ नै पनि तयार हुन सक्छन् । तर वर्तमान नेपाली समाजमा स्पष्ट रूपमा देखिने एउटा चित्र हो- निराशा, हताशा र वाक्कदिक्कको अवस्था । यो नै पूर्ण चित्र भने होइन । यो चित्रमा छुटाउन नहुने र महत्वपूर्ण अर्को चित्र हो- जतिसुकै निराश, हताश र वाक्कदिक्क भए पनि नेपाली समाजले हरेस भने खाइसकेको छैन रूपान्तरणका लागि प्रयत्नशील छ ।

अलि नजिकबाट नियालेर संश्लेषण गर्ने हो भने त्यही नेपाली समाजभित्र आफू मात्रै निराश र हताश भएको, अरू त ठीकै छन् भन्ने बुझ्ने वर्गको कमी छैन । आ-आफ्ना ठाउँमा निराश र हताश भएर अवस्थाप्रति तीखो टिप्पणी गर्ने गरिए पनि यसको कारक तत्व कतिपय अवस्थामा व्यक्तिविशेष नै भइरहेको हुन्छ । यो पक्षलाई भने प्राय: उपेक्षा गर्ने गरिएको पाइन्छ । उदाहरणका लागि, राज्यको मानोचामल खाएर कामचोर बन्दै हिँड्नु अथवा चियाखर्च भन्दै दुई-चार हजार वा एक-दुई सय रुपैयाँ घूस खानुलाई आर्थिक भ्रष्टाचार नदेख्नु तर आफ्नै सहकर्मी वा आफूभन्दा माथिल्लो तहका कर्मचारीलाई भ्रष्टाचारी भनेर सन्तोसराप गरेर बस्नु । कर्मचारीले सन्तोपराप गरेको हाकिमको पनि अवस्था उही हो- आफूबाहेक सबैलाई राष्ट्रका गद्दार देख्नु, आफूलाई मात्रै इमानदार र राष्ट्रसेवक देख्नु । यस्ता दृष्टान्तहरू अन्य क्षेत्रमा पनि बग्रेल्ती पाइन्छन्, देख्नु-नदेख्नुको मात्रै फरक हो । आफू निर्दोष छु, दोषी अर्कै छ, सबै अरूले बिगारेका हुन् भनी ठूलै भ्रम पालेर बस्ने अधिकांश निराश नेपाली नै हुन् । अक्षम व्यक्तिलाई नेतृत्व दिएर चुप लागी बस्ने अथवा यो भएन र त्यो भएन भनी टिप्पणी गरेर बस्ने सक्षम व्यक्ति पनि यही वर्गमा पर्छ । अर्थात्, वर्तमान बेथितिमा जिम्मेवार नभएका नेपाली अपवाद मात्रै छन् ।

प्रत्येक समयले आफ्नै नायकहरूको खोजी गर्छ । नायकलाई खोज्न नसक्दा त्यस समयका सर्वसाधारण निराश हुन्छन् । छानिएको नायकमा अपेक्षा राख्नु स्वाभाविक पनि हो तर ठूलै अपेक्षा राख्नुचाहिँ अस्वाभाविक हुन्छ । नेपाली समाज विभिन्न धर्म-दर्शनमा आश्रित छ । सबै धर्म-दर्शनका आआफ्नै कथाकहानी वा घटना-विवरणहरू छन् र यी जम्मैको एउटा साझा विशेषता हो- विभिन्न चरित्र पृथ्वीमा अवतरण हुनु, बडो नाटकीय वा दैवी चमत्कारले पृथ्वीवासीको समस्या समाधान गरिदिनु । ती चरित्रहरूलाई आडभरोसाका रूपमा लिएर पूजा, भक्ति र आराधना मात्रै गर्नुपर्छ समस्याहरू स्वत: छुमन्तर हुन्छन् ! व्यक्त भनौं वा अव्यक्त रूपमा नेपालीहरूको खोजी यस्तै खाले नायकको हो । बेलाबेला अनेकौं पात्र फेला पर्छन् पनि । र, तीबाट ठूलै अपेक्षा राख्छन् । दैवी चमत्कार नै होस् भन्ने चाहना पनि राख्छन्, आफूले चाहेको समाज निर्माणमा आफ्नो भूमिकाको आवश्यकता भने देख्दैनन् ।

गलत पात्रको चयनपछि उसबाट केही नझर्नु त स्वाभाविकै हो, उल्टो उसबाट नोक्सानी मात्र हुन्छ । केही काम गर्न सक्ने पात्र नै भेट्टिए पनि ऊ असीमित अपेक्षाले थिचिन पुग्छ । यस्तो पात्रले केही गर्न खोज्दाखोज्दै पनि निराश जनताको अपेक्षा तुरुन्तै पूरा गर्न नसक्दा उसमाथि गालीको वर्षा भइहाल्छ र जनता अर्कै पात्रको खोजीमा लागिहाल्छन् । नेपाली समाज लामो समयदेखि यही चरित्रबाट गुज्रिरहेको पाइन्छ ।

हालसालैका केही उदाहरण लिऔं । तत्कालीन राजा महेन्द्रले निर्वाचित सरकारलाई ‘कू’ गरेर निर्दलीय पञ्चायती व्यवस्था स्थापना गरे । यो व्यवस्था परिवर्तन पृथ्वीनारायण शाह वा जंगबहादुरले जस्तो व्यक्तिगत शक्ति विस्तारको चाहनाअनुसार तरबारको आडमा भएको होइन । राणाकालपछि राज्यव्यवस्थामा हालीमुहाली गरेको नेतृत्वले आफूलाई दैवी शक्तिका रूपमा देखायो वा अवतारको खोजीमा रहेकाहरूले नै दैवीकरण गरिदिए, त्यो बेग्लै कुरा हो, तर परिवर्तन भने भएन । यस्तो स्थितिले नेपाली समाजलाई निराश बनायो र त्यसैको आडमा राजा महेन्द्रले सत्ता हत्याए, आफूलाई नायकका रूपमा स्थापित गरे र यो घटना एक मात्रै विकल्प भएको भाष्य बनाए । तर यो भाष्य लामो समय टिकेन । यस्ता अनेकौं घटनाक्रमका कारण राजतन्त्रको अन्त्य तथा गणतन्त्रको स्थापनासम्म भयो । समस्याको मूल जड राजतन्त्र भएको र गणतन्त्रको स्थापनासँगै सबै समस्याको समाधान हुने अर्को भाष्य पनि तयार पारियो ।

नेपाली जनताले ठूलै सम्भावना देखेकाहरूमा एक बाबुराम भट्टराई पनि हुन् तर अर्थमन्त्री हुँदै प्रधानमन्त्री बन्दासम्म उनको व्यक्तित्व साइकलको हावा फुस्केजस्तै भइहाल्यो । निराश समाजले उनलाई नायकका रूपमा हेर्न छाड्यो । अर्को व्यक्तित्व हुन्- गगन थापा । विद्यार्थी राजनीतिबाट उदाएका उनीप्रति नेपाली कांग्रेसका मात्रै नभएर इतर पक्षीय जनताको पनि ठूलै आशा थियो । राम्रै बोल्ने उनी एक समय घरघरमा चर्चाको विषय बन्ने गर्थे, आजभोलि त्यो स्थिति त्यति छैन । विद्यार्थी राजनीतिबाटै उदाएका योगेश भट्टराईप्रति पनि ठूलै आशा राखिएको थियो, जुन चाँडै उड्यो ।

पछिल्लो समय नयाँ नायकको खोजीमा तीव्रता आएको छ जुन गत स्थानीय निर्वाचनमा बढी देखियो । काठमाडौं महानगरपालिकाको मेयर निर्वाचनमा बालेन्द्र शाहको चर्चा सुरुमा त खासै थिएन, तर इन्जिनियरिङ पृष्ठभूमिका उनले जसै काठमाडौंबारे बोले र स्वैरकल्पनाहरू बाँडे, धेरैको ध्यान तानिन थालिहाल्यो । काठमाडौं बाहिरका मतदाताहरू पनि उनको समर्थनमा यसरी लागे, मानौं उनी सबै पालिकाका उम्मेदवार हुन् । उनलाई जिताइयो भने पूरै देशमा रातारात विकास हुन्छ भन्ने कल्पनामा रमाउने जमातको कमी थिएन । उनलाई जिताउन सकियो भने नेपालीहरू रोजगारीका लागि बिदेसिनुपर्ने बाध्यता आउँदैन वा वैदेशिक रोजगारीमा लागेकाहरू पनि नेपालमै बढी आम्दानी हुने भएपछि तुरुन्तै फर्किन्छन् भनेजस्तो गरी हौसिए । उनीप्रति नेपालीहरूको अपेक्षा यति धेरै थियो, त्यसमा मलजल गर्ने काम उनी आफैंले पनि गरे, मीठामीठा सपना प्रस्तुत गरेर । तर उनीसँग स्वैरकल्पनाबाहेक कुनै ठोस योजना र दृष्टिकोण नै नभएको यथार्थ वर्षदिन नपुग्दै छताछुल्ल भयो ।

नायकको खोजीमा भेटिएका अर्का पात्र हुन्- धरान उपमहानगरपालिकाका मेयर हर्क साम्पाङ राई । सामाजिक अभियन्ताको पृष्ठभूमिका उनले पनि निराश नगरवासीकै भोट पाएका हुन् । निर्वाचनअघिसम्म धरानमै सीमित उनको नाम मेयरमा विजयपछि एकाएक बाहिर पनि सुनिन थाल्यो । उनका प्राय: कुरा पृथक् भएकाले पनि धेरैको ध्यानाकर्षण हुन थाल्यो । गाडी नचढ्ने, कुटोकोदालो बोकेर हिँड्ने उनको दिनचर्याले अन्य नेता तथा पदाधिकारीहरूको विलासी जीवनशैली तथा रबाफबाट आजित भएका देशैभरका जनताको ध्यानाकर्षण गऱ्यो । रमाइलो त के भने, त्यही बेला चिनियाँ राष्ट्रपति सी चिनफिङ कुटोकोदालो बोकिरहेको एउटा तस्बिर प्रकाशन भएको थियो र उनलाई चिनियाँ राष्ट्रपतिसँग दाँजेर वा अवतार नै ठानेर अनेक अभिव्यक्ति दिनमा नेपालीहरूले तँछाडमछाड गरिहाले । मेयरको काम, कर्तव्य र अधिकार केके हुन्छ भन्नेमा ध्यान नदिई सस्तो लोकप्रियतामा झुम्नु तथा अन्यत्रका जतनाले पनि धरानको मेयरबाट अपेक्षा राख्नु निराशाको चरम अभिव्यक्ति हो । हर्क साम्पाङलाई देवता नै ठान्नेहरू पनि अब निराशप्राय: भइसकेका छन् ।

पछिल्लो आमनिर्वाचनमा एउटा अभियान थालियो- ‘नो नट अगेन’ । अर्थात्, पुराना उम्मेदवारलाई नजिताऔं, नयाँ अनुहार लाई ल्याऔं । प्रत्येक निर्वाचनमा नयाँ अनुहार समेत आउनु स्वाभाविक हो, तर यसपालि नयाँ अनुहारलाई जिताऔं भन्ने अभियानले पनि केही काम गऱ्यो । जसरी राजनीतिक दलहरूले आआफ्ना वैचारिक धरातललाई छाडे, निर्वाचनका क्रममा निराश जनताले पनि ती वैचारिक तथा सिद्धान्तका कुरालाई तिलाञ्जली दिए । निर्वाचित कतिपय ‘नयाँ अनुहार’ मा लामो समयदेखिको निराशाको अभिव्यक्ति र आक्रोश मुखरित भएको पाइयो । नयाँ अनुहार त के भनौं, ‘जुन जोगी आए पनि कानै चिरेको’ भनेजस्तो महिनादिन नपुग्दै जनता पुन: निराश भइसकेको देखिनु कुनै उपलब्धि होइन ।

राजतन्त्र फालेर गणतन्त्र ल्याउने र गणतन्त्रसँग पनि तर्किने अरू नभएर उनै निराश र हताश नेपाली हुन् । लामो समयको यो विडम्बनापूर्ण स्थितिको दोष व्यक्ति वा व्यवस्था विशेषलाई दिएर आफू उम्कन खोज्नु भनेको आफूबाहेक अरू जम्मैलाई दोषी देख्नु हो, पानीमाथिको ओभानो हुन खोज्नु हो । वास्तविकता त के हो भने, झापा वा अन्य जिल्लाका कुनै ठाउँका युवाले रोजगारीको खोजीमा विदेश भौंतारिनुको कारण काठमाडौंका मेयरलाई देख्ने स्तरको अपरिपक्व सोच नै नेपालको दुर्भाग्य हो । यस्तै अर्को दुर्भाग्य हो- समग्र राष्ट्रको चिन्तन गर्ने हैसियतप्राप्त विशिष्ट नेता पनि कुनै गाउँठाउँका ससाना समस्यामा अल्झेर वडा सदस्यजस्तो भएर बस्नु । समस्याको गहिराइबारे चिन्तन नै नगर्ने, समाधानमा आफ्नो भूमिकाको औचित्य नदेख्ने वा आवश्यक नठान्ने, सबै काम अर्कैले गरिदियोस् भनी अपेक्षा राख्ने तथा आआफ्ना धर्म-दर्शनका अवतरित मिथकीय पात्रहरूजस्तै कुनै नायकले सबै गरिदिनुपर्ने मान्यताले अन्तत: दिने भनेको निराशा नै हो ।

गौतम बुद्धले आफू ‘मुक्तिदाता नभएर मुक्तिमार्ग देखाउने द्रष्टा मात्र भएको र लक्ष्यसम्म जाने-नजाने व्यक्तिको स्वविवेकको कुरा हो’ भने पनि त्यसको मनन नगरी उल्टै मुक्तिदाता नै भन्ठानेर बस्दा निराशा हात लाग्नु स्वाभाविक हो । सबैले कर्म गर्नैपर्छ र कर्म गर्नेको भूमिका हुन्छ । समाज रूपान्तरणमा सबैले आआफ्नो भूमिका निर्वाह गर्ने हो र त्यस्तो गर्ने व्यक्ति नै आफ्नो समयको नायक हुने हो । अलौकिक शक्ति वा कल्पनाको प्रभावबाट मुक्त हुन नसक्ने हो भने नेपाली समाजमा भएको निराश र हताश मनस्थितिमा कमी आउने देखिन्न ।

*(स्रोत: ई-कान्तिपुर)*

# पाँचदलीय गठबन्धन ब्यूँताउने तयारी



काठमाडौं/राष्ट्रपति चुनावलाई लिएर नेकपा एमाले र माओवादी केन्द्रको सत्ता गठबन्धन फुटको संघारमा पुगेको छ । राजनीतिक परिस्थितिमा ठूलो बदलाव नआएमा कांग्रेस नेतृत्वको पाँच दलीय गठबन्धन ब्यूँताउन भइरहेको प्रयासले बिहीबार साँझसम्म ठोस आकार लिने नेताहरुले बनाएका छन् ।

कांग्रेस सभापति शेरबहादुर देउवा र माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड मध्ये को पहिला प्रधानमन्त्री हुने भन्ने विवादले १० पुसमा पाँचदलीय गठबन्धन टुटेको थियो । प्रचण्डलाई प्रधानमन्त्री बनाउन एमाले सहमत भएपछि नयाँ गठबन्धन बन्यो, जसमा राष्ट्रिय स्वतन्त्र पार्टी, राप्रपा, जनता समाजवादी, जनमत र नागरिक उन्मुक्ति पार्टी पनि सहभागी भए । तर दुई महिनामै यो गठबन्धन भत्किएर पाँच दलीय गठबन्धन ब्यूँतिने परिस्थिति बन्दै गएको छ ।

यद्यपि अझै पनि सत्ता गठबन्धन जोगाउन प्रयास भइरहेको एमाले नेताहरु बताउँछन् । बुधबार विहान प्रधानमन्त्री प्रचण्डसँग भएको भेटमा पनि एमाले अध्यक्ष ओलीले माधवकुमार नेपाललाई राष्ट्रपति बनाएर गठबन्धन जोगाउने प्रस्ताव राखेका थिए ।

प्रधानमन्त्रीको सरकारी निवास, बालुवाटारमा भएको झण्डै दुई घण्टा लामो छलफलमा एमाले अध्यक्ष ओलीले आपसी विश्वास कायम राख्न पनि १० पुसमा भएको सहमति कार्यान्वयन गर्नुपर्नेमा जोड दिएका थिए । त्यो दिन प्रचण्डले प्रधानमन्त्रीमा दाबी गर्न जानुअघि एमालेलाई राष्ट्रपति दिने सहमति भएको थियो । तर आफूले 'खल्तीको मान्छे' ल्याउँछु भनेर प्रचार गरिएको भन्दै ओलीले 'तपाईंले रोजेकै मान्छे ल्याऊँ न त' भन्दै माधव नेपालको नाम लिएका थिए । तर प्रचण्डले जसपा लगायतका दलहरुसँग छलफल गर्छु भनेपछि ओलीले कांग्रेससँगै जाने निर्णय भए ठीकै छ समेत भनेका थिए ।

### माधव नेपालको दबाव

एमाले अध्यक्ष ओलीले प्रचण्डलाई भेट्नुअघि नै एकीकृत समाजवादीका अध्यक्ष नेपाललाई भेटेर यही प्रस्ताव राखेका थिए । देश संकटमा जान लागेकाले एमाले र एकीकृत समाजवादीबीच पार्टी एकता गर्नुपर्ने उनको प्रस्ताव थियो । त्यसो गर्दा संसदको सबभन्दा ठूलो दल बन्ने र सबै प्राप्त गर्न सकिने भन्दै उनले अध्यक्ष नेपाललाई राष्ट्रपति पनि बनाउन सकिने संकेत गरेका छन् ।

बुधबार पार्टी सचिवालय बैठकमा ओलीसँग भएको भेटबारे ब्रिफिङ गर्दै अध्यक्ष नेपालले सोझै प्रस्ताव नगरेको, तर मनोविज्ञानमा त्यो झल्किएको सुनाएका थिए ।

ओलीले अध्यक्ष नेपाललाई राष्ट्रपति प्रस्ताव गरेपछि कांग्रेस सभापति देउवा भने दबावमा आएका छन् । एमाले-माओवादीको सत्ता गठबन्धन टुटाउने र राष्ट्रपति लिन निरन्तर प्रचण्डसँग सम्वादमा थिए । प्रचण्डले पनि राष्ट्रपतिमा वचन दिएका थिए । तर ओलीले माधव नेपाललाई गरेको प्रस्तावले सत्ता गठबन्धन जोगिने र भत्किएको अवस्थामा पनि राष्ट्रपति फुत्किने नेताहरुको आशंका थियो ।

त्यसैले माधवकुमार नेपालसँग तत्काल सम्वाद गर्न देउवाले वरिष्ठ नेता पौडेललाई भनेका थिए । बुधबार दिउँसो नेता पौडेलले आलोकनगरस्थित एकीकृत समाजवादीको कार्यालयमा पुगेर अध्यक्ष नेपालसँग छलफल समेत गरेका छन् ।

तर पौडेलले खोजेजस्तो राष्ट्रपतिमा कांग्रेसलाई सघाउने वचन अध्यक्ष नेपालले दिएनन् । एकीकृत समाजवादीका एक पदाधिकारीका अनुसार अध्यक्ष नेपाल आफैं राष्ट्रपति हुन इच्छुक छन् । तर ओलीले प्रस्तावअनुसार एमालेमा पार्टी विलय गरेर नभई कांग्रेसको पनि समर्थन जुटाएर राष्ट्रपति हुने उनको चाहना छ । एकीकृत समाजवादीको सचिवालय बैठकले पनि राष्ट्रपतिका लागि पहल गर्ने निर्णय गरेको छ ।

लगत्तै अध्यक्ष नेपाल, महासचिव वेदुराम भुसाल र सचिवालय सदस्य घनश्याम भूसाल कांग्रेस सभापति देउवाको निवास धुम्बाराही पुगेका थिए । कांग्रेसबाट देउवाका साथै वरिष्ठ नेता रामचन्द्र पौडेल, उपसभापति पूर्णबहादुर खड्का, नेता कृष्णप्रसाद सिटौला र महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्मा उपस्थित थिए ।

भेटमा सहभागी नेताहरुका अनुसार अब बन्ने राष्ट्रपति संविधान र लोकतन्त्रको रक्षा गर्ने व्यक्ति हुनुपर्नेमा दुबै दल सहमत छन् । तर दुबैको आआफ्नो दाबी छ । एकीकृत समाजवादीका नेताहरुले आफ्ना अध्यक्ष नेपाललाई राष्ट्रपति बनाउँदा परिस्थिति सहज हुने तर्क गरेका थिए । कांग्रेस नेताहरुले भने आफ्नो दलले राष्ट्रपति नपाउने गरी कसरी समझदारी हुनसक्ला र भन्ने प्रश्न गरेका छन् ।

### प्रचण्डलाई भेट्दा राहत

बुधबार विहान मात्र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का नेताहरु पनि आफ्ना अध्यक्ष महन्थ ठाकुरको नाममा सहमति जुटाउन प्रस्ताव लिएर धुम्बाराही पुगेका थिए । साँझ एकीकृत समाजवादीका नेताहरु आएपछि दबावमा परेका कांग्रेस नेताहरुले प्रधानमन्त्री प्रचण्डसँग भेटवार्ता गरेका छन् ।

एकीकृत समाजवादीका नेताहरुलाई भेटेपछि कांग्रेस नेताहरु बालुवाटारमा पुगेका थिए । यसअघि एक्लै सम्वाद गर्दै आएका प्रधानमन्त्री एवं माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले बुधबारको भेटमा पार्टीका वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ र उपमहासचिव शक्ति बस्नेतलाई पनि सहभागी गराएका छन् ।

कांग्रेसका एक पदाधिकारीका अनुसार राष्ट्रपति आफ्नो दललाई दिने पूर्व समझदारीमा प्रचण्ड कायमै देखिएका छन् । तर एकीकृत समाजवादी र जसपालाई पनि साथमा लिएर जानुपर्नेमा जोड दिएको भन्दै ती पदाधिकारी भन्छन्, 'माधव नेपाल र उपेन्द्र यादवलाई पनि सँगै लिएर जाने कुराकानी भएको छ ।'

उनकाअनुसार भोलि द्विपक्षीय र संयुक्त छलफल गरेर समझदारीमा पुग्ने प्रयास हुनेछ । कांग्रेस वरिष्ठ नेता रामचन्द्र पौडेलले पनि राष्ट्रपतिमा कांग्रेसलाई सहयोग गर्ने कुरा भएको बताए । उनले अघि भने, 'छलफल सकारात्मक दिशामा गइरहेको छ । भोलि फेरि बस्ने कुरा भएको छ ।'

माओवादी नेताहरुले भने कांग्रेस नेताहरुले राष्ट्रपतिमा आफूहरुलाई समर्थन गर्न आग्रह गरेको र आफूहरुले प्रमुख प्रतिपक्षी पनि सम्बोधन गर्ने गरी राष्ट्रपतिमा सहमति गरौं भनिरहेको बताउँछन् । 'हामी एमालेसँग पनि सम्वादमै छौं,' एक नेता भन्छन्, 'अहिले नै सत्ता गठबन्धन टुटिसक्यो वा पाँचदलीय गठबन्धन ब्यूँतिन्छ भन्न हतार हुन्छ । भोलि साँझसम्म केही भन्न सकिएला ।'

के भयो भने सत्ता गठबन्धन जोगिन्छ त भन्ने प्रश्नमा उनले भने, 'केपी शर्मा ओलीको व्यवहार सच्चिन्छ भन्ने विश्वास प्रधानमन्त्रीलाई भयो भने जोगिनसक्छ ।' तर बुधबार विहान भएको छलफलले त्यस्तो कुनै संकेत नगरेको उनले सुनाए । एकीकृत समाजवादीका नेताहरु पनि सत्ता गठबन्धन जोगिने सम्भावना कम बन्दै गएको स्वीकार गर्छन् । 'एकीकृत समाजवादी र जसपाले कांग्रेस-माओवादीलाई साथ दिएन भने यो गठबन्धन जोगिन सक्छ,' राजनीतिक भेटवार्ताहरुमा सहभागी एक पदाधिकारी भन्छन्, 'तर ओलीजी जसरी चलिरहनुभएको छ, त्यो (एमाले-माओवादी गठबन्धन जोगिने) सम्भावना कम छ ।'

*(स्रोत: अनलाइनखबर)*

# आयोडिनको प्रभावकारिता बुझाउँदै आग्रा स्वास्थ्य चौकी

साझाकुरा संवाददाता



हेटौंडा, १० फागुन/ थाहा नगरपालिकाको आग्रा स्वास्थ्य चौकीले स्थानीय महिलाहरुलाई आयोडिन नुनको प्रभावकारिताबारे बुझाएको छ ।

आयोडिन महिनाको अवसरमा आग्रा स्वास्थ्य चौकीले आयोडिनको उपायोगिताको विषयमा स्थानीय महिलाहरुसँग छलफल गरेको थियो । प्रत्येक वर्षको अंग्रेजी फेब्रुअरी महिनालाई आयोडिन महिनाको रुपमा मुलुकभर मनाइँदै आएको छ ।

कार्यक्रम स्वास्थ्य चौकीमा स्वास्थ्य उपचार तथा परामर्शमा आएका महिलाहरुको उपस्थितिमा गरिएको हो । कार्यक्रमका सहभागीहरुलाई आयोडिनयुक्त नुनको प्रयोग, यसका फाइदालगायतको विषयमा जानकारी गराइएको स्वास्थ्य चौकी प्रमुख लबबहादुर थापाले जानकारी दिए । थापा तथा स्वास्थ्यकर्मीहरुले नुनको उपयोगिता सम्बन्धी सहजीकरण गरेका थिए ।

मकवानपुरमा पछिल्लो समय आयोडिन नुन प्रयोग गर्नेहरु बढेका छन् । वर्षौंदेखि ढिक्केनुनको प्रयोग गर्दै आएका यहाँका स्थानीयबासी पछिल्लो समय आयोडिनयुक्त नुनको प्रयोग गर्न थालेका हुन् । उपभोक्ताहरुले आयोडिनयुक्त नुनको महत्व र फाइदाबारे बुझ्न थालेपछि यसको प्रयोगकर्ताहरु पनि बढ्दै गएको स्वास्थ्यकर्मीहरु बताउँछन् । आयोडिन नुन उपभोग गरेपछि बालबालिकामा देखिएको गलगाँड, लाटो-लठेब्रो हुने जस्ता शारीरिक समस्या कमहुँदै जाने तथा मानसिकरुपमा फुर्तिलो, शारीरिकरुपमा स्वस्थ, स्मरण शक्तिको वृद्धिसँगै बालबालिकाहरुमा पढ्ने रुचिको विकास हुने चिकित्सकहरु बताउँछन् ।

# अनमोलको 'छड्के २' ट्रेलर रिलिज, दमदार व्यापारको अपेक्षा



काठमाण्डौ/यही फागुन १९ गतेबाट प्रदर्शन हुन लागेको 'छड्के २' ट्रेलर रिलिज भएको छ । यो फिल्ममा अनमोलको चरित्र ग्याङस्टरको छ । उनको लुक्स र गेटअप एकदमै भिन्न छ । शरीर भरि ट्याटु मात्र छ । उनी फिल्ममा एक ग्याङको नाइकेको रुपमा प्रस्तुत छन् । पहिलो पटक ग्याङस्टर भूमिका निर्वाह गरेका कारण यो फिल्म अनमोलका लागि अग्नि परीक्षा मानिएको छ । जसको कारण यो फिल्मको व्यापारमा दमदार अपेक्षा गरिएको छ ।

फिल्म रोयल मनाङ ग्याङ, बारुलाज ग्याङ र ग्रीन ग्याङको कथामा बनेको छ, जसको उद्धेश्य पैसाका लागि मनाङको प्राकृतिक स्रोतको संकलन गर्नु र त्यसमा आफ्नो एकाधिकार जमाउन खोज्नु हो । तीनवटा ग्याङमध्ये ग्रीन ग्याङको नाइके अनमोल हुन् । रोयल मनाङ ग्याङ, बारुलाज ग्याङ र ग्रीन ग्याङबीचको लडाइँमा फिल्म केन्द्रित छ ।

निगम श्रेष्ठको लेखन तथा निर्देशन रहेको फिल्ममा रोविन तामाङ, कमलमणि नेपाल, देवकुमार श्रेष्ठ, सिर्जना सुब्बा, देवु श्रेष्ठ, रेशा आले मगर, इयान स्कट क्लेमेन्ट, सन्तोष मिजार, अफरान अलि, निगम श्रेष्ठ, चिरन्जिबी अधिकारी, कुमार घलानको पनि अभियन छ । प्रशान्त गिरी र देवकुमार श्रेष्ठ निर्माता रहेको 'छड्के २'को कार्यकारी निर्मातामा निर्भाना फिल्म स्कुल र लक्ष्मण काफ्ले छन् ।

# अभिनेत्री नम्रता श्रेष्ठ निफको सल्लाहकारमा मनोनित



काठमाडौं/नेपाल अन्तर र्राष्ट्रिय चलचित्र महोत्सव (निफ)को सल्लाहकारमा अभिनेत्री नम्रता श्रेष्ठ मनोनित भएकी छन् । निफ आयोजक कमिटीले विज्ञप्ति जारी गर्दै सल्लाहकारमा श्रेष्ठलाई नियुक्त गरेको जनाएको छ ।

महोत्सवको क्रममा एक दर्जन रचनात्मक कार्यक्रम आयोजना हुने र ती सबै समारोहमा सल्लाहकार को रुपमा श्रेष्ठको सक्रियता हुने जनाइएको छ ।

२०६५ सालमा रिलिज भएको 'सानो संसार'बाट अभिनय करिअर थालेकी श्रेष्ठको पछिल्लो फिल्म 'जाइरा' हो । अभिनयमा विविधिता चित्रण गर्ने अभिनेत्रीको रुपमा उनलाई स्मरण गरिन्छ ।

चैत २ देखि ६ गतेसम्म हुने निफमा ३५ देशका ९५ फिचर, छोटा, डकुमेन्ट्री तथा एनिमेटेड फिल्ममध्येबाट सात विधामा १४ वटा पुरस्कार वितरण गरिने भएको छ ।

निफको प्रमुख सल्लाहकारमा अभिनेता तथा निर्देशक नीर शाह छन् भने सदस्यहरुमा अभिनेता सुनिल थापा, निर्देशक छिरिङरितार शेर्पा र भारतीय लेखक तथा समीक्षक प्रेमेन्द्र मजुमदार छन् ।

# लघुवित्तलाई नाफा बाँड्न र ऋण लगानीमा राष्ट्र बैंकको कडाइ

काठमाडौं/नेपाल राष्ट्र बैंकले लघुवित्त वित्तीय संस्थालाई ऋण लगानीमा कडाइ गरेको छ । केन्द्रीय बैंकले बुधबार लघुवित्त संस्थाको लागि जारी गरेको एकीकृत निर्देशन २०७८ मा संशोधन गर्दै कर्जा लगानीदेखि कमाएको नाफाबाट लाभांश वितरणमा समेत कडाइ गरेको हो ।

नेपाल राष्ट्र बैंक एक ऋणी एक लघुवित्तको अवधारणामा गएको छ भने बैंक तथा वित्तीय संस्थाका ऋणीलाई लघुवित्तले ऋण लगानी गर्न नपाउने व्यवस्था गरेको छ । राष्ट्र बैंकले यसअघि एक वा एक भन्दा बढी लघुवित्तले एउटा ऋणीलाई विनाधितो ७ लाख र धितोमा १५ लाख रुपैयाँको कर्जा सीमा तोकेको थियो ।

एउटै ऋणीलाई डेढ दर्जनसम्म लघुवित्तले ऋण लगानी गर्दासमेत मौन बसेको राष्ट्र बैंकले अहिले आएर कर्जा लगानीमा कडाइ गरेको हो । नयाँ ऋणीलाई एउटा मात्रै लघुवित्तले ऋण लगानी गर्नसक्ने व्यवस्था गरेको राष्ट्र बैंकले पुराना ऋणीको ऋण भने नियमित तालिका अनुसार नै असुल गर्नसक्ने व्यवस्था गरेको छ ।

यस्तै राष्ट्र बैंकले लघुवित्तमा धितो राखेर कर्जा लिन पाउने व्यवस्था नै हटाएको छ । लघुवित्तको उद्देश्य नै धितोमा कर्जा लगानी गर्ने नभएकाले उक्त व्यवस्था हटाइएको राष्ट्र बैंक लघुवित्त सुपरीवेक्षण विभागका कार्यकारी निर्देशक रेवती नेपाल बताउँछन् ।

'लघुवित्त भनेको धितो कर्जालाई धेरै प्रवर्द्धन गर्ने होइन । त्यसैले १५ लाखसम्मको धितो कर्जा सीमा हटाएका छौं,' उनी भन्छन्, 'लघुवित्त भनेको 'सोसियल विजनेस' हो । पूर्ण कमर्सियल होइन ।'

राष्ट्र बैंकले लघुवित्तमा २० प्रतिशत भन्दा बढी लाभांशमा कडाइ गरेकामा अब १५ प्रतिशत भन्दा बढी लाभांशमै कडाइ गरेको छ । विगतमा राष्ट्र बैंकले लघुवित्तलाई २० प्रतिशत माथि जति लाभांश वितरण गर्छ त्यसको ५० प्रतिशत रकम साधारण जगेडा कोषमा राख्नुपर्ने व्यवस्था थियो । साथै १५ प्रतिशत ग्राहक संरक्षण कोषमा राख्नुपर्ने व्यवस्था थियो । अब १५ प्रतिशत भन्दा माथि जति लाभांश वितरण हुन्छ त्यसको ५० प्रतिशत साधारण जगेडा कोष ३५ प्रतिशत ग्राहक संरक्षण कोष र १० प्रतिशत संस्थागत सामाजिक उत्तरदायित्व कोषमा राख्नुपर्ने व्यवस्था गरेको छ ।

लघुवित्तको लाभांशमा वितरणमा कडाइ गर्ने नै उद्देश्य राखिएको कार्यकारी निर्देशक नेपाल बताउँछन् । राष्ट्र बैंकले वचतकर्ताको ब्याज पनि बढाउन निर्देशन दिएको छ । अब बचतमा कर्जाको अधिकतम ब्याजदरको ५० प्रतिशत ब्याज दिनुपर्नेछ ।

कार्यक्षेत्रमा खटिएका कर्मचारीलाई लघुवित्तको आधारभूत तालिम दिएर मात्रै पठाउनुपर्ने व्यवस्था समेत गरेको राष्ट्र बैंकको कार्यकारी निर्देशक नेपाल बताउँछन् । 'लघुवित्तको सिद्धान्त के हो, कसरी सञ्चालन हुनुपर्छ । ऋणीसँगको सम्मानजनक र व्यवसायिक व्यहोरा कस्तो हुनुपर्छ भनेर कम्तीमा २ साताको तालिम दिएर मात्रै कर्मचारी खटाउनुपर्छ भन्ने व्यवस्था गरेका छौं,' नेपाल भन्छन्, 'अस्थायी कर्मचारी नियुक्त गरेर बजारमा पठाइहाल्ने चलनले विग्रएको हो ।'

राष्ट्रबैंकले समस्यामा परेका ऋणी र उनीहरुले ऋण तिर्न नसक्नुको कारणबारे एक महिनाभित्र विवरण तयार पारेर पेश गर्न लघुवित्त संस्थाहरुलाई निर्देशन दिएको छ । अर्थमन्त्री तथा लघुवित्त एसोसिएसनका प्रतिनीधिसहितको बैठकपछि उक्त निर्देशन दिएको नेपालले बताए । उक्त विवरण आएपछि लघुवित्तको ऋणका कारण सिर्जित समस्या समाधानको पहल लिने उनले बताए ।

राष्ट्र बैंकको कार्यकारी निर्देशक नेपाल ऋण तिर्छु भन्ने तर आम्दानी नै नभएर समस्यामा रहेका ऋणीको लागि के गर्ने भन्ने विषयमा पनि छलफल भइरहेको बताउँछन् । त्यसको लागि केही दिनमा नै एउटा समिति बनाएर छलफल हुने उनको भनाइ छ ।

### उच्चस्तरीय छलफलपछिको निर्देशन

बुधबार नेपाल राष्ट्र बैंकले संसद निर्वाचित लघुवित्त अभियन्ता बैंक, र लघुवित्त बैंकर्स एसोसिएसनको नेतृत्वसँग बुधबार विहान लामो छलफल गरेको थियो । गभर्नर महाप्रसाद अधिकारी, दुबै डेपुटी गभर्नर विभागीय प्रमुखले लघुवित्तसाँग प्रत्यक्ष र परोक्ष रुपमा जोडिएको व्यक्तिसँग छलफल गरेको हो ।

मेरियट होटलमा भएको छलफलमा प्रतिनिधिसभामा निर्वाचित हुनुअघि फरवार्ड लघुवित्त वित्तीय संस्थाको अध्यक्ष रहेकी महिला बालबालिका तथा समाजकल्याण मन्त्री भगवती चौधरी, जीवन विकास लघुवित्तको अध्यक्ष रहेका योगेन्द्र मण्डल, सिर्जनशील लघुवित्तका अध्यक्ष रहिसकेका सांसद लिला श्रेष्ठ र पूर्वमन्त्री तथा युनिक नेपाल लघुवित्त वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत गोपाल दहित पनि सहभागी थिए ।

छलफलमा राष्ट्र बैंक लघुवित्त सुपरीवेक्षण विभागका कार्यकारी निर्देशक रेवती नेपालले लघुवित्तको वर्तमान अवस्था, समस्या र समाधान कसरी गर्न भन्ने विषयमा प्रस्तुति दिएका थिए । सोही छलफलमा नेपालले लघुवित्तका कर्मचारी नै मिटरब्याजमा संलग्न हुनसक्ने बताएका थिए । २३/२४ हजार कर्मचारी रहेको ठाउँमा केही संख्यामा बदमास हुने भन्दै त्यस्ता कर्मचारीलाई राष्ट्र बैंकले कारवाही गर्ने नेपालले बताए ।

*(स्रोत: अनलाइनखबर)*

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# एकैरात ३ बैंकको मेसिन फोर्ने प्रयास गर्ने २ जना पक्राउ



पोखरा/पोखराका विभिन्न बैंकका एटीएम मेसिन फोड्ने प्रयास गरेको आरोपमा प्रहरीले २ जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा उदयपुरको गाईघाट घर भई हाल पोखरा १७, छोरेपाटन बस्ने २१ वर्षीय सुशील चाम्लिङ राई र लमजुङ घर भई हाल छोरेपाटन बस्दै आएका २१ वर्षीय लुबहादुर गुरुङ 'अर्जुन' छन् ।

उनीहरुमाथि गएराति करिब १२ बजे पोखरा १०, रामबजार स्थित एनआईसी एसिया बैंक तथा साढे १ बजे पोखरा १५, वनक्याम्पस गेट नजिकै रहेको नेपाल बैंक लिमिटेड र ४ बजे सोही ठाउँकै सांग्रिला विकास बैंकको एटीएम मेसिन फोड्ने प्रयास गरेको आरोप छ ।

जिल्ला प्रहरी कार्यालय, कास्कीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक ज्ञानबहादुर खड्काका अनुसार उनीहरुले एटीएम मेसिन तोडफोड गर्ने उद्देश्यले ढुंगामुढा, सीसीटीभी क्यामेरालाई समेत कागजले छोप्ने प्रयास गरेको सूचनाका आधारमा पक्राउ गरिएको हो ।

'निजहरुलाई चोरी तथा डाँका सम्बन्धी कसूर अन्तर्गत चोरी उद्योग मुद्दामा कास्की जिल्ला अदालतबाट १० दिन म्याद थप गरी थप अनुसन्धान प्रक्रिया अगाडि बढाइएको छ,'प्रवक्ता खड्काले भने ।

पोखरा महानगरका विभिन्न बैंकमा एक वर्षको अवधिमा दर्जनभन्दा बढी बैंकका एटीएम फोड्ने प्रयास भएका छन् । गत साउन ४ गते पोखराको अर्घौंचोकस्थित एनएमबि बैंकको एटीएम मेसिन फोडेर २ वटा क्यासकेटमा रहेको १४ लाख ७१ हजार रुपैयाँ चोरी भएको थियो ।

एनएमबि बैंकको एटीएम फोडेर फरार रहेका नवलपुरको देवचुली नगरपालिका घर भई हाल पोखरा ३०, डुंडुलेमा बस्दै आएका २१ वर्षीय भेडे भनिने अनिष तामाङलाई पक्राउ गरेको थियो ।

लगातार बैंकका एटीएम मेसिन फोड्ने प्रयास र चोरी नै हुन थालेपछि कास्की प्रहरीले 'अपरेसन एटीएम हाइस्ट' नै चलाएको थियो । विभिन्न अनुसन्धान अधिकृत, आईटी विज्ञसहित उक्त अपरेसन टोलीले अनुसन्धानका क्रममा नेपालभरिका एटीएम बुथमा राखिएका एटीएम मेसिनमा भेण्डरकै कमजोरी पत्ता लगाएको थियो ।

"तपाई, हामी सबैको कुरा"
साझाकुरा
कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।
हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।
प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत
साझाकुरा राष्ट्रिय दैनिक
वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।
www.sajhakuranews.com


# संसद् बैठकमा दुईवटा विधेयकमाथि सैद्धान्तिक छलफल




साझाकुरा संवाददाता

हेटौंडा, १० फागुन/ बागमतीको प्रदेशसभा बैठकमा दुईवटा विधेयकमाथि सैद्धान्तिक छलफल भएको छ ।

बुधबार बसेको प्रदेशसभा बैठकमा दुईवटा विधेयकमाथि सैद्धान्तिक छलफल भएको हो । प्रदेशको मुख्यमन्त्री शालिकराम जम्मकट्टेलले पेश गरेको स्थानीय तहका सेवाको गठन तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र प्रदेश निजामति सेवाको गठन, सञ्चालन र सेवाका सर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि सैद्धान्तिक छलफल भएको छ ।

बागमती प्रदेशमा विषयगत संसदीय समिति गठन नभएकाले विधेयकलाई अर्को प्रदेशसभा बैठकमा छलफल गरी पास गर्ने कार्यव्यवस्था परामर्श समितिमा सहमति भएको छ । मिनी संसद्को रुपमा व्याख्या गरिने संसदीय समिति गठन नै नगरी बागमती प्रदेश सरकारले प्रदेश सभामार्फत् अध्यादेश पास गर्ने तयारी गरेको छ ।

दलहरुबीच सहमति बन्न नसक्दा अझै संसदीय समिति गठन हुन सकेको छैन । बागमती प्रदेश सभामा ५ वटा संसदीय समितिको गठन गर्नुपर्ने व्यवस्था छ ।

संसदीय समिति गठन गर्ने विषयमा सहमति गर्न नसकेका दलहरुले विधेयक पारित गर्न भने सहमति गरेका छन् । बुधबार संसद् सचिवालयमा बसेको कार्यव्यवस्था परामर्श समितिको बैठकले प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७९ र स्थानीय तहका सेवाको गठन तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७९ सिधै प्रदेश सभामा पेश गर्ने सहमति गरेका थिए । यी दुई अध्यादेश यही फागुन १३ गते प्रदेशसभा बैठकले पास गर्ने सम्बन्धमा सबै दलहरूको बीचमा सहमति जुटेको छ ।

अघिल्लो सरकारले जारी गरेको ५ वटा अध्यादेश सदनमा पुस १८ मा शालिकराम जम्मकट्टेल नेतृत्वको वर्तमान सरकारद्वारा सदनमा पेस भएको थियो । प्रदेशसभा नियमावलीअनुसार अध्यादेश सदनमा पेस भएको ६० दिनभित्र प्रतिस्थापन विधेयकमार्फत् पारित गरी प्रमाणीकरण गर्नुपर्ने हुन्छ । यसै बाध्यतालाई मध्यनजर गर्दै प्रदेशसभाको बैठक बसेको हो ।

सदनमा पेस भएको प्रतिस्थापन विधेयकको दफावार छलफलका लागि संसदीय समितिमा पठाउने गरिएको छ । तर, प्रदेशमा संसदीय समिति अझै गठन नभएका कारण सोझै सदनबाट विधेयक पास गर्ने तयारीमा सरकार रहेको देखिन्छ । सदनको प्रमुख प्रतिपक्षी दल कांग्रेसले पनि दुईवटा समिति सहमतिमै आफूलाई दिनुपर्ने दाबी गरिरहेको छ । एकीकृत समाजवादी र नेपाल मजदुर किसान पार्टीले पनि कम्तिमा एउटा संसदीय दलको नेतृत्व माग गरिरहेका छन् ।

अघिल्लो प्रदेशसभा बैठकमा दलहरूका तर्फबाट समितिमा बस्ने सांसद्हरूको नामावली माग भएको थियो । एमालेबाहेक दलले सदनमा नाम नबुझाउँदा समिति गठन प्रक्रियामा समस्या भएको हो । सरकारलाई प्रश्न गर्ने र निर्देशन दिने क्षमता राख्ने भएका कारण समितिमा दलहरूको दाबी बढी भएको हो । समिति गठन प्रक्रियामा ढिलाइ हुने भएपछि प्रदेशसभा सचिवालयले पुन: सर्वदलीय बैठक बोलाउने तयारीसमेत गरेको छ ।



मकवानपुरगढी गाउँपालिका वडा नम्बर-२ स्थित, मवानपुरगढी दरबार नजिक सडक छोडेर बाहिर पुगेको मिनि ट्रक । फागुनदेखि कान्तिलोकपथमा काठमाडौं-हेटौंडा आवतजावत गर्ने सानादेखि ठूला सवारीको चाप बढेपछि दुर्घटना पनि बढेको छ । कान्तिलोकपथमा मंगलबार साँझ भएको ट्रक दुर्घटनामा मानवीय क्षति नभएपनि विद्युत पोल भाच्चिँदा दरबार वरपरको क्षेत्र अन्धकार बनेको छ । सडक छोडेर भित्तामा रहेको विद्युतको पोलमा ट्रक ठोक्किएपछि बिजुली अवरुद्ध भएको थियो । काठमाडौं-हेटौंडा जोड्ने छोटोमार्ग निर्माण भइरहेकाले सवारीसाधनहरुले काठमाडौं जाँदा कुलेखानीबाट चित्लाङ हुँदै चन्द्रागिरी निस्कने र हेटौंडा आउँदा कान्तिलोकपथ सडक प्रयोग गरिरहेका छन् । छोटोमार्ग दुई महिनासम्म बन्द राख्ने निर्णय प्रदेश सरकारको छ । तस्बिर: साझाकुरा ।

# अनेरास्ववियूले स्ववियु चुनावमा उम्मेद्वार उठाउने

साझाकुरा संवाददाता

हेटौंडा, १० फागुन/ नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) निकट अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी यूनियन (अनेरास्ववियू) मकवानपुरले स्वतन्त्र विद्यार्थी यूनियन (स्ववियू) को चुनावमा जिल्लाका क्याम्पसहरुमा आफ्नो संगठनका तर्फबाट उम्मेद्वारहरु उठाउने निर्णय गरेको छ ।

मंगलबार अखिल मकवानपुरको चौथो पूर्ण बैठकले आगामी चैतमा हुने स्ववियू चुनावमा जिल्लाका विभिन्न सात वटा क्याम्पसमा आफ्नो संगठनबाट उम्मेद्वार उठाउने निर्णय गरेको हो । चुनावमा अन्य विद्यार्थी संगठनहरुसंग सहकार्यका अखिलका स्थायी कमिटी सदस्य सुलभ अधिकारीको संयोजकत्वमा पाँच सदस्यीय वार्ता समिति गरिएको छ ।

मकवानपुरमा मकवानपुर बहुमुखी क्याम्पस, हेटौंडा क्याम्पस, पालुङ बहुमुखी क्याम्पस, मनहरी बहुमुखी क्याम्पस, बंशगोपाल बहुमुखी क्याम्पस, निर्मल बहुमुखी क्याम्पस र वनविज्ञान अध्ययन संस्थानमा स्ववियू चुनाव हुँदैछ । अखिलको बैठकलाई एकीकृत समाजवादी मकवानपुरका अध्यक्ष विष्णुप्रसाद दाहालले सम्बोधन गर्दै स्ववियू निर्वाचनमा सशक्तरुपमा प्रस्तुत हुन निर्देशन दिए । बैठकमा पार्टीका केन्द्रीय प्रचार विभागका सदस्य रामकुमार एलन, पार्टी जिल्ला सचिवालय सदस्य एवम् अखिलका केन्द्रीय नेता किशोर टन्डन लगायतको आतिथ्यता थियो ।

# थाहाका तीनसय परिवारको नि:शुल्क स्वास्थ्य बीमा गरिंदै

साझाकुरा संवाददाता

हेटौंडा, १० फागुन/ मकवानपुरका स्थानीय तहहरु विपन्न, गरिब तथा दीर्घरोगीहरुलाई नि:शुल्क स्वास्थ्य बीमा गर्ने योजनामा जुटेका छन् ।

स्वास्थ्य बीमा कार्यक्रम प्रभावकारी बन्दै गएपछि विपन्न, गरिब परिवारलाई स्वास्थ्य बीमा गरिदिने प्रक्रियामा थाहा नगरपालिका लागेको छ । यसअघि मनहरी गाउँपालिकाले कार्यपालिका बैठकबाट स्वास्थ्य बीमा नि:शुल्क गरिदिने निर्णय गरेको थियो । थाहा नगर पालिकाले वडालाई भाग लगाएर तीन सय परिवारको नि:शुल्क स्वास्थ्य बीमा गर्ने प्रक्रिया अघि बढाएको हो । थाहा नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को वार्षिक स्वीकृत कार्यक्रमअनुसार अति गरिब तथा अति गरिब तथा विपन्न दीर्घरोगीहरुका लागि बीमा गर्ने प्रक्रिया अघि बढाइएको स्वास्थ्य शाखा प्रमुख मेघराज बलामीले जानकारी दिए ।

नगरपालिकाले प्रत्येक वडाबाट २५/२५ जनाका दरले स्वास्थ्य बीमा गर्ने भएको छ । कार्यक्रमअनुसार वडा कार्यालयको सिफारिसका आधारमा प्रत्येक वडाबाट २५/२५ जनाका दरले स्वास्थ्य बीमा गर्ने बलामीले बताए । नगरपालिकाले वडा कार्यालयहरुलाई स्वास्थ्य बीमाको लागि छनोट गरी पठाउन पत्राचार गरिसकेको छ । १५ फागुनसम्म तोकिएको ढाँचामा बीमा गर्नुपर्नेहरुको विवरण पठाइदिन वडा कार्यालयलाई पत्राचार गरिएको हो । थाहा नगरपालिकाले विगत ३ वर्षदेखि वार्षिक तीन सय परिवारका दरले नि:शुल्क स्वास्थ्य बीमा गर्दै आएको नगर प्रमुख विष्णुबहादुर विष्टले जानकारी दिए ।

आफ्नो पालिका क्षेत्रभित्र रहेका विपन्न तथा गरिब परिवारलाई स्वास्थ्य बीमा गरिदिने कार्यक्रम चुनावका बेला जनप्रतिनिधिहरुले उठाएका विषय हुन् । यसअघि मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले पनि चुनावी वाचा अनुसार गरिब तथा विपन्न परिवारको नि:शुल्क बीमा गर्ने गरी निर्णय गरेका थिए ।

मनहरी गाउँपालिकामा १ हजार आठसय पाँच परिवारको नि:शुल्क स्वास्थ्य बीमा गर्ने निर्णय भएको हो । गरिबसँग विश्वेश्वर स्वास्थ्य बीमा कार्यक्रमअन्तर्गत् बिनियोजित रकमबाट प्रतिपरिवार तीन हजार पाँच सयका दरले स्वास्थ्य बीमाका लागि प्रिमियम तिरिदिने निर्णय भएको मनहरी गाउँपालिकाले जनाएको छ ।

# किसानको समस्या सुन्न पैसा नलाग्ने टोल फ्रि नम्बर

हेटौंडा, १० फागुन/ बागमती प्रदेश सरकारले किसानको गुनासो सुन्नको लागि पैसा नलाग्ने टोल फ्रि नम्बर सञ्चालनमा ल्याएको छ ।

प्रदेश सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले किसानसहित मन्त्रालयसँग सरोकार राख्नेहरुको समस्या सुन्नको लागि बुधबारबाट नि:शुल्क सेवाको रुपमा 'टोल फ्रि नम्बर' सञ्चालनमा ल्याएको हो । बागमती प्रदेशका कृषि तथा पशुपन्छी विकास मन्त्री केशवप्रसाद पोखरेलले नि:शुल्क टेलिफोन सेवाको सुरुवात गर्दै टोल फ्रि नम्बरले किसानहरुले सिधै मन्त्रालयसँग पहुँच राख्नसक्ने बताए । मन्त्री पोखरेलको अनुसार मन्त्रालयप्रति किसान वा सरोकारवालाले टोल फ्रि नम्बर १८१०५०००११ नम्बरमा नि:शुल्करुपमा फोन गरेर आफ्ना समस्या, गुनासोहरु टिपाउन सक्नेछन् ।

यो सेवा हाललाई कार्यालय समयमा मात्र हुने मन्त्रालयले जनाएको छ । फोनको चाप बढेको अवस्थामा समय पनि बढाउने मन्त्री पोखरेलको भनाइ रहेको छ । टोल फ्रि नम्बरले किसानको समस्या पहिचान हुने र प्राथमिकताको आधारमा उनीहरुको समस्यालाई समाधान गर्न मन्त्रालयले काम गर्नेसमेत उनले बताए । हाल कार्यालय समयमा मात्रै टोल फ्रि नम्बर सञ्चालन गरिएको भएपनि आवश्यकताअनुसार यसको समय बढाइने उनको भनाइ छ । मन्त्री पोखरेलले मन्त्रालयको जिम्मेवारी सम्हालेलगत्तै प्रतिबद्धतापत्र सार्वजनिक गरेका थिए । सोही अनुसार टोल फ्रि नम्बर सञ्चालनमा ल्याएका हुन् ।

# एउटै मञ्चमा १० स्रष्टा सम्मानित



साझाकुरा संवाददाता

हेटौंडा, १० फागुन/ जिल्लाको पूर्वी क्षेत्रस्थित बकैया गाउँपालिकामा भएको बकैया कला-साहित्य महोत्सव- २०७९ तथा ३० औँ वार्षिकोत्सवको अवसरमा १० जना स्रष्टा सम्मानित भएका छन् ।

झरना साहित्यिक परिवारले आयोजना गरेको महोत्सवको एउटै मञ्चमा १० जनालाई एकैपटक सम्मान प्रदान गरिएको हो । महोत्सवमा संस्थाको प्रचारप्रसार गर्न पत्रकारिताका माध्यमबाट सहयोग गरेवापत नेपाल पत्रकार महासंघ मकवानपुरका पूर्वअध्यक्ष भानुभक्त आचार्यलाई नगद ११ हजार एकसय ११ रुपैयाँसहित गोकर्ण गौतम स्मृति पत्रकारिता पुरस्कारबाट सम्मानित गरिएको छ ।

बकैया घर भएका स्वर्गीय गौतम काठमाडौंमा कान्तिपुर दैनिकमा काम गर्थे । उनकै सम्झनामा पुरस्कार स्थापना गरिएको थियो । वर्ष २०७९ सालको होमनाथ-टीकामाया प्रतिभाबाट सम्मानित डा. जीवेन्द्र देव गिरीले नगद २१ हजार एकसय २१ रुपैयाँ पाएका छन् ।

साहित्यको मुक्तक विधातर्फ शिव-सावित्री अधिकारी स्मृति मुक्तक सम्मानबाट नगद १५ हजार पाँचसय ५५ सहित सरुभक्त सम्मानित भए । साहित्यिक संस्था स्थापना र जगेर्ना गर्न योगदान गरेवापत नवराज शर्माले बाबुलाल-भोजमाया स्मृति साहित्य सम्मान प्राप्त गरे । उनले पुरस्कार स्वरुप १५ हजार पाँचसय ५५ रुपैयाँ प्राप्त गरे । खडानन्द-मनमाया प्रतिभा सम्मानबाट अमला अधिकारी, सुशीला दंगाल स्मृति सिर्जनशील नारी सम्मानबाट अनिता न्यौपाने, सञ्जीवनी बुटी साहित्य सेवा सम्मानबाट कृष्णप्रसाद चौलागाई, खिमबहादुर खत्री स्मृति कलाकारिता सम्मानबाट ऋषि केबी सम्मानित भए । उनीहरुले जनही नगद सातहजार सातसय ७७ पाए ।

पाँचहजार पाँचरुपैयाँ राशिको झरना-बकैया नवप्रतिभा पुरस्कार कवि स्वस्तिका दाहालले प्राप्त गरेकी छन् । बकैया गाउँपालिकाभित्र रहेका विद्यालयहरुमा भएको साहित्यिक गतिविधिको आधारमा झरना-महेन्द्र बालसाहित्य समिति र प्रभात माविका शिक्षक कुमार स्याङ्वोलाई सम्मानपत्र प्रदान गरिएको झरना साहित्यिक परिवारले जानकारी दिएको छ । बकैया कला-साहित्य महोत्सवमा रचना वाचन, चित्रकला प्रतियोगिता र बकैया बिशेष रचना वाचन गरिएको थियो । यसैगरी, महोत्सवमा नवपुस्ता केन्द्रीत रचना वाचन, बहस:चेतनाको विकासमा स्थानीय तहको भूमिका, खुल्ला कविता वाचन, गजल मुक्तक वाचन तथा गायन र स्रष्टा सम्मान गरिएको थियो ।

# पालुङ क्याम्पसमा थप पदाधिकारी चुनिए




साझाकुरा संवाददाता

हेटौंडा, १० फागुन/ थाहा नगरपालिकास्थित पालुङ बहुमुखी क्याम्पसको २० औं परिषद् भेलापश्चात् गठित क्याम्पस सञ्चालक समितिमा पदाधिकारी चयन गरिएको छ ।

क्याम्पसको निर्वाचित पदाधिकारीको पहिलो बैठकले सञ्चालक समितिको उपाध्यक्षमा सुरेन्द्रमान प्रधान र कोषाध्यक्षमा विमलकुमार ढकाललाई चयन गरेको छ । पदाधिकारीको बैठकले ७ सदस्यीय सचिवालय समिति गठन पनि गठन गरेको छ । सचिवालयमा अध्यक्ष विष्णुबहादुर विष्ट, उपाध्यक्ष सुरेन्द्रमान प्रधान, कोषाध्यक्ष विमलकुमार ढकाल, सदस्यहरु सुर्दशन कार्की, केदार कार्की, सगुनकुमार ढकाल र सदस्य सचिव राजन मिश्र रहेका छन् । क्याम्पसको विधान बमोजिम सल्लाहकारमा थाहा नगरपालिकामा रहेको प्रमुख ५ दलका अध्यक्ष तथा प्रमुख व्यक्तिहरुलाई तथा निवर्तमान अध्यक्षसहितको ६ जनालाई यस क्याम्पसको सल्लाहकारमा मनोनित गर्ने निर्णय भएको सदस्य सचिव तथा क्याम्पस प्रमुख राजन मिश्रले जानकारी दिए ।

बैठकबाट मनोज अधिकारीको संयोजकत्वमा भौतिक निर्माण समिति उपसमिति गठन भएको छ । उपसमितिमा केदार कार्की र सगुनकुमार ढकाल छन् । क्याम्पसको भौतिक पूर्वाधार निर्माणका लागि बागमती प्रदेश सरकारले बजेट दिने प्रतिबद्धता जनाएको छ । क्याम्पसको विधानबमोजिम थाहानगर उद्योग बाणिज्य संघका अध्यक्ष, वडा नम्बर ३ का वडा अध्यक्ष, क्याम्पसका प्राध्यापक ईकाइ अध्यक्ष, स्ववियुका सभापति, त्रिविका प्रतिनिधिलाई पदेन सदस्य रहने जनाइएको छ । स्रोत माविका अध्यक्षहरु मध्ये एक जना र थाहानगरमा रहेका सहकारी संस्थाका अध्यक्षहरु मध्येबाट एक जना गरी जम्मा २ जना पदेन सदस्य चयन प्रक्रियाको लागि ४ चैतमा क्याम्पसमा सहकारी तथा माविका अध्यक्षहरुको भेला गरी अन्तर्क्रिया तथा छलफलमार्फत् चयन गर्ने पनि निर्णय भएको छ ।

"सुनमा शुद्धता डिजाइनमा आधुनिकता"
आधुनिक सुन चाँदी पसल
हेटौंडा-२, पुरानो मकवानपुर रोड

हामीकहाँ आधुनिक डिजाइनका गर गहना बनाउनुका साथै खरिद बिक्री गरिन्छ ।
प्रो. राजु सेन्चुरी
सम्पर्क नं. : ९८४५५३०५६३, ९८१५२२४३४३

कपडाहरूको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्
कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।


कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।
प्रो. अमिता चौधरी
मेरिना ड्राई क्लिनिङ्ग स्पोट
नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२

थापाथली प्रसुति गृहका वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ डा.प्रशान्त शर्मा
अब प्रत्येक दिन
विहान ८ बजे देखि बेलुकी ५ बजेसम्म OPD सेवा
तथा २४ सै घण्टा
स्त्री तथा प्रसुति रोग सम्बन्धि Emergency सेवा
हेटौडा सिटी हस्पिटलमा
तसर्थ महिलाहरुमा हुने विभिन्न समस्याहरु जस्तै :
- गर्भवती महिलाका सम्पूर्ण चेक जाँच तथा डेलिभरी सेवा
- सेतो पानी बग्ने समस्या
- महिनावारी गडबडी हुने
- पाठेघर तथा तल्लो पेटको समस्याहरु
- स्तनका विभिन्न समस्याहरु
- महिला प्रजनन प्रणाली तथा निसन्तानपन सम्बन्धि समस्या

लगायत महिलाहरुमा हुने सम्पुर्ण समस्याहरुको चेक-जाँच, उपचार तथा परामर्शका लागि हामीलाई सम्झनुहोस् र स्वास्थ्य लाभ लिनु होला ।
थप जानकारीको लागि
हेटौडा सिटी हस्पिटल प्रा.लि.
हेटौंडा उपमहानगरपालिका-१ फोन न.:०५७-५२०३१५
समग्र स्वास्थ्य परीक्षण (Whole Body Check Up) सेवा साथै हरेक दिन HD Quality को इण्डोस्कोपी (Endoscopy) सेवा प्रदान गरिन्छ । स्तरीय स्वास्थ्य सेवा प्रति समर्पित ।

## सूचना ! सूचना ! सूचना !

यस संस्थाको स्वामित्वमा रहेको हेटौडा-१२, गारौविर्ता नयाँ पूल नजिक दिब्य तारा गोलभेडा प्रशोधन उद्योग, सोही स्थानमा रहेको कृषि ब्यवसाय संचालनार्थ जग्गा ३-१०-०-० र हेटौडा उपमहानगर पालिका हेटौडा-८, कमाने स्थित दिव्य साबून उद्योगसमेत निजी क्षेत्रबाट लिजमा संचालन गर्ने संचालक समितिको निर्णय बमोजिम के कति मासिक भाडामा संचालन गर्ने इच्छूक व्यक्ति वा संघ संस्था एवं कम्पनीले छुट्टा छुट्टै प्रस्ताव दिन ३० भित्र गोप्य आशयपत्र पेश गर्न सुचित गरिन्छ ।

**निवेदनका साथ आवश्यक कागजातहरु :**

१. व्यक्ति, संघ, संस्था फर्म वा कम्पनीको आफ्नो बायोडाटा सहितको निवेदनपत्र ।
२. व्यक्ति, संघ, संस्था फर्म वा कम्पनीको नविकरण भएको प्रमाणपत्र, कर चूक्ताको प्रतिलिपी ।
३. आफूले संचालन गर्न लागेको उद्योगको प्रस्ताव पत्र पेश गर्नुपर्नेछ ।
४. आफूले कबुल गरेको रकमको १०% धरौटी यस संस्थाको महालक्ष्मी बिकास बैंक लि., हेटौडा शाखा खाता नं.०५९००१००३२८३९५००००२ जम्मा गरी सक्कल भौचर प्रस्ताव साथै पेश गर्नुपर्नेछ ।
५. उद्योग स्थलगत निरीक्षणको लागि यस संस्थामा सम्पर्क राख्न सकिनेछ ।
६. उद्योग संचालन भवन एवं मेशिनरी मर्मत संभार स्वयंले गर्नुपर्नेछ ।
७. कृषि ब्यवसायबाहेकका उद्योग संचालनार्थ व्यक्ति, संघ, संस्था वा कम्पनीले यस संस्थाको नामबाट संचालन गर्नु पर्नेछ ।
८. गुणस्तरीय उत्पादन र गुणस्तर सेवा सहकारीको मुख्य आधार स्तम्भ भएकोले सोको पुर्णै पालना गर्नुपर्नेछ ।
९. कृषि ब्यवसाय संचालन गर्ने समूह, ब्यक्ति, संस्था वा फर्मले संचालन गर्ने ब्यवसायको योजना समेत प्रष्ट्याउनू पर्ने र अत्याधिक १० बर्षको भाडामा सम्झौता गरी आपसी समझदारीमा पछी समय थप गर्न सकिनेछ ।
१०. गोलभेडा (केचप) ब्यवसाय संचालन गर्ने छनौट ब्यक्ति, समूह वा फर्म र संस्थाको उक्त जग्गामा गोलभेडा उत्पादन गर्न स्विकार गरे सोहीलाई प्राथमिकता दिइनेछ ।

अन्य जानकारीका लागि

**दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**
हेटौंडा-२, पल्पसा रोड, मकवानपूर
फोन नं. ०५७-५२५९१७, ५२४९१६ मो.नं.७८५५०६८७१६